# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, मंसीर १० गते २०४३ साल (अतिरिक्ताङ्क ३४ (क)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा न्याय प्रशासन सुधार ऐन, २०३१ बमोजिम देहायका व्यक्तिहरुलाई कार्यावधि समाप्त भएको मितिले पुनः दुई वर्षको लागि निम्नलिखित क्षेत्रीय अदालतहरूको अतिरिक्त न्यायाधीश पदमा नियुक्त गरिबक्सेको छ ।

१. अतिरिक्त न्यायाधीश श्री उदयराज उपाध्याय, मध्य पश्चिमाञ्चल क्षेत्रीय अदालत ।

२. अतिरिक्त न्यायाधीश श्री हरिप्रसाद शर्मा, पश्चिमाञ्चल क्षेत्रीय अदालत ।

साथै मौसूफबाट उपर्युक्त अतिरिक्त न्यायाधीहरूको पारिश्रमिक र सुविधा क्षेत्रीय अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

८८५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) मुद्दा पेश हुने दिन श्रेस्तेदारले साढे दश बजेभित्र मुद्दाको मिसिल सरोकारवाला न्यायाधीश छेउ वा इजलासमा पठाउन लगाउनु पर्नेछ र मुद्दाको छलफल टुंगी फैसला आदेश लेखिने भएमा बाहेक त्यस दिनका काम समाप्त भएपछि इजलास सहायकले सो मिसिल सम्बन्धित कर्मचारीलाई फिर्ता बुझाई दिनु पर्नेछ ।"

५. मूल नियमावलीमा परिच्छेद ३क. थपः मूल नियमावलीको परिच्छेद–३ पछि देहायको परिच्छेद–३क. थपिएको छ :–

"परिच्छेद–३क.

अञ्चल अदालतको इजलाससम्बन्धी अधिकार

१३क. संयुक्त इजलासबाट हेरिने मुद्दा : देहायका मुद्दाहरू संयुक्त इजलासबाट हेरिनेछ :–

(क) ऐनको दफा ५ को उपदफा (२) बमोजिमका मुद्दाहरू,

(ख) प्रचलित कानूनले संयुक्त इजलासबाट हेर्ने भनी तोकेको मुद्दा ।

१३ख. एक न्यायाधीशको इजलासबाट हेरिने मुद्दाः नियम १३क. मा उल्लेख भए बाहेकका मुद्दा र ऐनको दफा १० बमोजिमका शुरू कारवाई र किनारा हुने मुद्दा एक न्यायाधीशको इजलासबाट हेरिनेछ ।

१३ग. प्रतिवेदन : संयुक्त इजलासबाट हेरिने मुद्दासंग सम्बन्धित प्रतिवेदन संयुक्त इजलासबाट र सो बाहेक अरूको हकमा एक न्यायाधीशको इजलासबाट हेरिनेछ ।

तर मातहत अदालतको निरीक्षणमा जाँदा संयुक्त इजलासबाट हेरिने मुद्दासंग सम्बन्धित प्रतिवेदन पनि निरीक्षणमा जाने न्यायाधीशले हेर्न सक्नेछ ।

१३घ. निवेदनको फछ्र्योट : (१) कुनै निवेदनपत्र पुनरावेदन तहमा संयुक्त इजलासको अधिकारक्षेत्रको मुद्दासंग सम्बन्धित पर्न आएमा सो निवेदनपत्र संयुक्त इजलासबाट हेरिनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मातहत अदालतको निरीक्षणमा जाँदा संयुक्त इजलासको अधिकारक्षेत्रको मुद्दासंग सम्बन्धित निवेदनपत्र निरीक्षणमा जाने न्यायाधीशले हेर्न सक्नेछ ।"



४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. मूल नियमावलीको नियम ३८ मा संशोधन : मूल नियमावलीको नियम ३८ को सट्टा देहायको नियम ३८ राखिएको छः–

"३८. फैसला र आदेश : (१) मुद्दाको सुनवाई गर्दा सम्बन्धित पक्ष र कानून व्यवसायीहरूको भनाइ र बहस जिकीर समाप्त भएपछि इलासबाट सोही दिन निर्णय हुनेछ र सो निर्णयको छोटकरी विवरण राय किताबमा लेखी न्यायाधीश वा न्यायाधीशहरूले दस्तखत गरी उपस्थित पक्षलाई सुनाई राय किताबमा सहीसमेत गराई राख्नु पर्नेछ। त्यस्तोमा सात दिनभित्र फैसला लेखी सही गरी मिसिल संलग्न गराउनु पर्नेछ।

तर इजलास समक्ष पेश भई छलफल भएका कुनै मुद्दामा मुद्दाको जटिलता समेतको कारणले उसै दिन निर्णयको ठहर सुनाउन नसकिने अवस्था परेमा लिखित रूपमै फैसला सुनाउनका लागि इजलासले पन्ध्र दिनसम्मको तारिख तोक्न सक्नेछ।

(२) संयुक्त इजलासबाट फैसला वा आदेश गर्दा एक राय भएमा सामान्यतः वरिष्ठ न्यायाधीशले फैसला वा आदेश लेख्ने छ। राय बाझी भएकोमा प्रत्येक न्यायाधीशले आ-आफ्नो राय लेख्ने छ।"

७. मूल नियमावलीमा नियम ३८क. र ३८ख. थपः मूल नियमावलीको नियम ३८ पछि देहायका नियम ३८क. र ३८ ख. थपिएका छन्।

"३८क. फैसला सुनाउनेः संयुक्त इजलासबाट कुनै मुद्दा हेर्दा राय मिली भएको फैसलामा न्यायाधीशहरूको दस्तखत भई सकेपछि ती न्यायाधीशहरू मध्ये एक न्यायाधीशले र राय बाझी भएकोमा प्रत्येक न्यायाधीशले आ-आफ्नो राय फैसला बाँचेर सुनाउन सक्नेछ।

३८ख. अनुपस्थित न्यायाधीशको तर्फबाट फैसला सुनाउने : संयुक्त इजलासबाट कुनै मुद्दा हेर्दा राय बाझी भएको फैसलामा प्रत्येक न्यायाधीशले आफ्नो फैसला लेखी दस्तखत गरी सकेपछि ती न्यायाधीशहरूमध्ये एक न्यायाधीशले अनुपस्थित न्यायाधीशको तर्फबाट फैसला बाँचेर सुनाउन सक्नेछ।"

८. मूल नियमावलीको नियम ४० मा संशोधन : मूल नियमावलीको नियम ४० को सट्टा देहायको नियम ४० राखिएको छ :–

"४०. फैसला र आदेशको ढाँचा : (१) प्रत्येक फैसला र अन्तिम आदेश मुलुकी ऐनमा दिइएको ढाँचामा लेख्नु पर्नेछ।



४८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) मा लेखिए बाहेक अन्य आदेशको ढाँचा अनुसूची–१क. को ढाँचामा लेख्नु पर्नेछ ।"

९. मूल नियमावलीको नियम ४६ मा संशोधन : मूल नियमावलीको नियम ४६ मा रहेको "जिल्ला अदालतले" भन्ने शब्दहरूको सट्टा "अड्डा अदालतले" भन्ने शब्दहरू राखिएका छन् ।

१०. मूल नियमावलीको परिच्छेद ११ को शिर्षकमा संशोधन : मूल नियमावलीको परिच्छेद११को शिर्षकमा रहेका "मातहतको अदालतहरूको" भन्ने शब्दहरूको सट्टा "मातहतका अड्डा अदालतको" भन्ने शब्दहरू राखिएका छन् ।

११. मूल नियमावलीको नियम ७१ मा संशोधन : मूल नियमावलीको नियम ७१ को सट्टा देहायको नियम ७१ राखिएको छः–

"७१. मातहतका अड्डा अदालतको निरीक्षण गर्ने र मूल्याङ्कन गर्ने: अञ्चल अदालतले मातहतका अड्डा अदालतको निरीक्षण र मूल्याङ्कन ऐनको दफा १५क. बमोजिम गर्नेछ ।"

१२. मूल नियमावलीको नियम ७२ मा संशोधन : मूल नियमावलीको नियम ७२ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः–

"(२) नियम ७१ अन्तर्गत जाँच गर्ने न्यायाधीशले अदालत बाहेक अन्य अड्डाको जाँच गर्दा दायरी, मुलतवी र छिनुवा मिसिलसम्बन्धी सबै काम कारवाई-को जाँच गर्नु पर्नेछ र त्यस्तो जाँच गर्दा उपनियम (१) को खण्डहरूमा लेखिएका कुराहरू समेत विचार गर्नु पर्नेछ ।"

१३. मूल नियमावलीको अनुसूची–४ मा संशोधन : मूल नियमावलीको अनुसूची–४ को नं. ३ मा रहेका "न्यायाधीश र अदालतको" भन्ने शब्दहरूको सट्टा "न्यायाधीश वा अधिकृत र अड्डा अदालतको" भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल नियमावलीमा अनुसूची–१क. थप : मूल नियमावलीको अनुसूची –१ पछि यसैसाथ संलग्न अनुसूची–१क. थपिएको छ ।

१५. रूपान्तर : मूल नियमावलीको ठाउँ ठाउँमा उल्लिखित "बिचारी" भन्ने शब्दको सट्टा "फाँटवाला" भन्ने शब्द राखी रूपान्तर गरिएको छ ।



४८४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–१क.

(नियम ४० संग सम्बन्धित)

अञ्चल अदालत........................इजलास

संम्वत् सालको दे. । फौ. मुद्दा नम्बर

वादी निवेदक

..........................................................

पुनरावेदक

विरूद्ध

विपक्षी

.......................................................प्रतिवादी

प्रत्यर्थी

### आदेश

मितिः– यस ठाउँमा मितिसहितको पूरा नाउँको दस्तखत हुनुपर्छ ।

आज्ञाले,
ध्रुववरसिंह थापा
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।